जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ राजविराज दैनिक स.जि.हु.का.द.नं. ५/०६४/०६५
वर्ष ३२ अंक २११ २०७९ साल चैत १० गते शुक्रबार (24 Mar. 2023 Friday) मूल्य रु. ५/-

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : सट्टेबाजीमा करोडौंको खेल, एजेन्ट बने३ पृष्ठमा : सामाजिक सुरक्षा कोषमा ... ३ पृष्ठमा मानहानीको अभियोगमा...

# स्ववियु निर्वाचनमा समाजवादी नेतृत्वको संयुक्त प्यानल विजयी

## चार विद्यार्थी संगठन पुनः निर्वाचनको माग गर्दै आन्दोलित



**दैनिक समाचारदाता**
**राजविराज, ९ चैत ।**

राजविराजस्थित महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पसको स्ववियु निर्वाचनमा समाजवादी विद्यार्थी युनियन नेतृत्वको संयुक्त प्यानल बिजयी भएको छ ।

सभापती पदमा रंजित कुमार यादवले यादवले ४ सय २३ मत प्राप्त गरे भने निकटतम प्रतिस्पर्धी एमाले निकट अनेरास्ववीयुका सभापती पदका उम्मेदवार रन्जिव कुमार साहले १ सय ९९ मत प्राप्त गरे ।

नेविसंघका सभापतीका उम्मेदवार महेश कुमार यादवले ९० मत तथा विद्यार्थी जनमत संघका सभापती पदका उम्मेदवार राजभजन मण्डलले ७२ मत प्राप्त गरे । एमाले निकटको अनेरास्ववीयु र एकिकृत समाजवादी निकटको अनेरास्वबियुले तालमेल गरेका थिए भने काँग्रेस निकटको नेविसंघ र जनमत पार्टी नेतृत्वको विद्यार्थी जनमत संघ एक्ला एक्लै प्रतिस्पर्धामा उत्रेका थिए । समाजवादी युनियनले लोसपा निकटको लोकतान्त्रिक विद्यार्थी संघ तथा माओवादी निकटको अखिल क्रान्तिकारी संग गठबन्धन गरेका थिए । क्याम्पसमा १ हजार ९ सय १४ मतदाता रहेकोमा ८ सय ३० मत मात्र खसेको थियो ।

मतदान आईतवार नै सकिए पनि नेविसंघ, विद्यार्थी जनमत संघ र अनेरास्ववियु लगायतका विद्यार्थी संगठनले मतदानमा धाधँली भएको आरोप लगाउँदै पुनः निर्वाचन गर्नु पर्ने अडान लिएपछी मतगणना कार्य रोकिएको थियो । तर, त्रिभुवन विश्वविद्यालयको विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयले बुधवार एक पत्र पठाई अर्को निर्वाचन न गराई सम्पन्न भईसकेको निर्वाचनको मतगणना प्रक्रिया अघि बढाउन पत्राचार गरेपछी बुधवार साँझदेखि मतगणना सूरु गरिएको थियो ।

मतगणना प्रक्रियामा भने पुनः निर्वाचनको माग गर्दै आएका विद्यार्थी संगठनका कुनै पनि प्रतिनिधी सहभागी भएनन् । मतगणना भईरहदा क्याम्पस गेट बाहिर उनीहरुले मतगणना रोक्न भन्दै दिनभर नाराबाजी गरिरहे ।

यता निर्वाचनमा धाँधली भएको भन्दै पुनः निर्वाचनको माग गर्दै आएका नेविसंघ, अनेरास्ववियु र जनमत विद्यार्थी संघले निर्वाचन परिणाम कुनै पनि हालतमा स्वीकार्य न हुने स्पष्ट पारेका छन् । विहीवार ती संगठनहरुले संयुक्त प्रेस विज्ञप्ती जारी गर्दै धाँधलीपुर्ण र एकपक्षिय ढंगले वलजफती गराइएको निर्वाचन र मतगणना स्वीकार न भएको जनाएको छ ।

नेविसंघका जिल्ला अध्यक्ष राकेश ठाकुर, विद्यार्थी जनमत संघका जिल्ला अध्यक्ष राजाकुमार साह, अनेरास्ववीयुका जिल्ला सदस्य सालीग्राम यादव तथा अन्य विद्यार्थी नेताको हस्ताक्षरमा जारी संयुक्त विज्ञप्तीमा एक पक्षलाई जिताउने गरी धाँधली पुर्ण तरिकाले गरिएको निर्वाचन तत्काल खारेज गरी अर्को चुनाव गर्नु पर्ने माग गरिएको छ । पुनः निर्वाचन नगराइए आन्दोलन चर्काउने चेतावनी समेत विज्ञप्ती मार्फत दिइएको छ ।

# २२ वर्षिया सजनले गरिन आत्महत्या, ८० वर्षिया बृद्धाद्वारा आत्महत्या प्रयास

**दैनिक समाचारदाता**
**राजविराज, ९ चैत ।**

सप्तरीमा एक २२ वर्षिया महिलाले झुण्डिएर आत्महत्या गरेकी छिन् भने ८० वर्षिया बृद्धाले आत्महत्याको प्रयास गरेकी छिन् ।

जिल्लाको शम्भुनाथ नगरपालिका ९ ब्रजहट टोलकी २२ वर्षिया सजन देवी मुखियाले आत्महत्या गरेकी जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

प्रहरीका अनुसार बुधवार राती १० बजे तिर आफ्नै घरमा वाँसको बलोमा साडीको पासो लगाई उनले आत्महत्या गरेकी हुन् । आत्महत्याको कारण भने खुल्न न सकेको र अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी नरेश कुमार सिंहले जानकारी दिएका छन् ।

झुण्डिएको अवस्थामा उनको आमाले देखेपछी खबर गरेको र त्यस पछी प्रहरी चौकी कठौना र इलाका प्रहरी कार्यालय कल्याणपुरबाट खटेको टोलीले मृतकको शव नियन्त्रणमा लिई अनुसन्धान सूरु गरेको डिएसपी सिंहले बताए ।

यता विहीवार विहान राजविराज नगरपालिका १ डुमरी शिवथान निवासी ८० वर्षिया जानकी साहले विषादी सेवन गरी आत्महत्याको प्रयास गरेकी छिन । उनको स्थानीय गजेन्द्र नारायण सिह अस्पतालमा उपचार भइरहेको छ । विषादी सेवनबारे कारण खुल्न नसकेको तथा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

जिल्लामा आत्महत्याको घट्नामा निकै तीब्र रुपमा बढिरहेको छ । चालु आर्थिक वर्ष २०७९/०८० को हाल सम्मको अवधीमा विष सेवन र झुण्डिएर आत्महत्या गर्नेको संख्या ७५ पुगेको( छ भने गत आर्थिक वर्ष २०७८/०७९ मा १ सय ३६ जनाले आत्महत्या गरेको प्रहरी तथ्याङ्कले देखाएको छ ।

प्रहरीले न्युनिकरणका लागी अहिले जिल्लाका सबै पालिकामा सचेतना अभियान समेत संचालन गरे पनि आत्महत्याको दर बढ्ने क्रम नरोकिनु दुःखद छ ।

# बहुअपाङता हुनबाट जोगिन शान्ति

## पाँच वर्षदेखि आशु नलिका कारण हेर्न कठिनाई

**दैनिक समाचारदाता**
**राजविराज, ९ चैत ।**

म सामान्य परिवारमा जन्मिएको भए पनि मेरो जिवन सामान्य व्यक्ति भन्दा विपरित थियो । संसारमा जन्म एक पटक हुन्छ तर, जिवित रहनलाई धेरै नै संघर्ष गर्नुपर्छ भन्ने कुरा मैले आफ्नो जिवनको भोगाईबाट थाहा पाईसकेको छु । मलाई लाग्छ १६ वर्षको मेरो यो जिवनमा मैले ६० वर्षको भोगाई भोगिसकेको छु ।

घरपरिवार सबै सहज भएपनि म दिन दिनै असहजता र निरासाको दिशामा लम्किदै गए । मेरो सबै इच्छा र चाहनाहरु समयका साथ साथै धुमिल हुदै गए । संसार जति नै निष्ठुर र कठोर भए पनि आमा बावु नै अन्तिम सहारा हुँदो रहेछ । मैले मेरा ईच्छाहरुमा रहेपनि मेरा ती वृद्ध आमा बुवाले सम्भावनाको कुनै प्रयासबाट चुक्नु भएन र कहिले थाक्नु भएन ।

मेरो शारीरिक अशक्तता र अपाङताका कारण म यो गर्न सक्दिन भन्दा पनि मेरो घर परिवारको लागि भए पनि म यो गर्न सक्छु जस्तो लाग्छ । सानै देखि म बोल्न नसक्ने भएको कारण मैले पढाईमा पनि सोचे अनुसारको परिणाम ल्याउन सक्दिनथे । दिन प्रतिदिन निरास हुदै गएको मेरो क्षमताले मलाई शारीरिक र मानसिक दुवै तर्फवाट कमजोर वनाउँदै गए । जसको कारण मेरो दृष्टिमा पनि समस्या आउन थाल्यो । जसले गर्दा मेरो जिवनमा कठिनाईहरु झन झन थपिदै गए । आज भन्दा आउने दिनहरु थप जटिल हुदै गएको आभाष हुदै थियो । आँखा उपचारको लागि धेरै नाम चलेका अस्पतालहरु धाए । एउटा अस्पतालमा आँशु नलि ठीक बनाउने सम्बन्धि शल्यक्रिया पनि भयो तर शल्यक्रिया सफल भएन समस्या ज्यूका त्यू रहि रहे भन्छिन वेल्ही, सप्तरीकी शान्ति कुमारी साह ।



शान्ति कुमारी साह

एक त आर्थिक विपन्नताको मार र त्यसमाथि सुधार उन्मुख प्रतिफल नआउदा परिवारको सदस्यहरुमा निराशा गहरिदै गईरहेको थियो । धामी, झाक्रि, तन्त्र मन्त्रले पनि कुनै असर नभएपछि घरी घरी आफूलाई लाग्थ्यो छोरी मान्छेको यो जिवन दुःखका पहाड गन्दै सकिन्छ होला् । जस्तो लाग्न थाल्यो शान्तिलाई ।

जन्मै देखि बोलाई सम्बन्धि समस्या भए पछि निजको बुबाले विभिन्न डाक्टर वैधलाई देखाए तर केही सीप लागेन । अन्तोगतव अपाङ्गता रुपी जिवन बाँच्न बाध्य भएको शान्तिले सुनाए ।

विगत ५ वर्ष देखि उनी आशु नलिको समस्या भएर हेर्न समेत अफठयारो भई रहेको स्थिति थियो । बहुअपाङ्गता हुनबाट बच्न उनी धेरै नेत्ररोग विशेषज्ञकहाँ धाईरहेका छन् । थरीथरी डाक्टरको पालो पुऱ्याईसकेका उनी पछिल्लोपटक राजविराजको रोपनी रोडस्थित सगरमाथा आँखा अस्पतालको नेत्र तथा अकुलोप्लाष्टि रोग विशेषज्ञ डा. आशिष राज पाण्डेकहाँ आइपुगेका थिए । तर यहाँ आइपुगेर आँखा रोगबारे उनले अहिलेसम्म सुनेका र बुझेका भन्दा फरक उपचार पाए ।

विभिन्न चेकजाँच र परीक्षण पश्चात् डा. पन्तले उनलाई रोग र त्यसका रोकथामबारे बेलिविस्तार लगाइन् । नेत्र विशेषज्ञको रुपमा ८ वर्ष मेचि आँखा अस्पतालमा कार्य गरेपछि तथा तिलगंगा आँखा अस्पतालवाट अकुलोप्लाष्टिमा फेलोसिप गरेका डा. पन्त गत वर्ष देखि सप्तरीवासीको सेवाको लागि राजविराजमा कार्यरत छन् । नेत्र विशेषज्ञको रुपमा लामो अनुभव प्राप्त गरे पनि अनी आँखा सम्बन्धि रोगबारे उपचार मात्र नभई सचेतना अभिवृद्धिमा लागिरहेका छन् । नेपालमा उपलब्ध सिमित अकुलोप्लाष्टि रोग विशेषज्ञ मध्ये उनी एक हुन् । आँखाको विरामीलाई उनी औषधीको थोरै र सुझावको पोको धेरै बोकाउँछन् ।

यता शान्ति सुनाउँछिन् । दैवको चमत्कार, आफनै शहरमा आँखा अस्पताल रहेको कुरा सुन्ना साथ बुवाले छिनो आशाका साथ त्यहाँ लग्नु भयो । त्यहाँ जाँच पछि शल्यक्रिया हुन सक्ने जानकारी नेत्र विशेषज्ञ डा ले बताउनु भयो । शल्यक्रिया पश्चात् म बोल्न नसके पनि आँखा राम्ररी देख्ने भएको छु । शान्ति मेरो नाम हो र आजको यो उपलब्धिले मैले जिवनमा शान्त भावको अनुभूति गर्न सकेको छु ।

उपलब्धि, सुख, सुन्दरता तथा सफलताको परिभाषा सवैको लागि एक नहोला तर सुनाई सम्बन्धि समस्याको साथै अन्धकारले समते घेर्न लागेको मेरो जिवनमा यो उपचार पछि आएको परिवर्तनले म अतिनै हर्षित तथा अस्पताल प्रति आभारी भएको छु ।

# विद्युत चोरी गरेको आरोपमा आधा दर्जन पक्राउ, पक्राउ पर्नेको संख्या १ सय २० पुग्यो

**दैनिक समाचारदाता**
**राजविराज, ९ चैत ।**

विद्युत चोरी गरिरहेको आरोपमा विहिवार जिल्लाको विभिन्न स्थानबाट ६ जनालाई पक्राउ गरिएको छ । यो सँगै दुई महिनाको अवधीमा विद्युत चोरी गरेको आरोपमा पक्राउ पर्नेको संख्या १ सय २० पुगेको छ ।

पक्राउ पर्नेहरुमा विष्णुपुर गाउँपालिका ४ का नारायण खंग, विजय मण्डल र रविन्द्र मण्डल छन । यस्तै राजगढ गाउँपालिका ६ का डोमी राम र सुन्दर कुमार राम पनि पक्राउ परेको प्रहरीले जनाएको छ ।

विद्युत प्राधिकरण राजविराज वितरण केन्द्र राजविराज र प्रहरीको संयुक्त टोलीले उनीहरुलाई पक्राउ गरेको प्रहरीले जनाएको छ ।

विद्युतीय पोलबाट हुकिङ्ग गरी विद्युत प्रयोग गरिरहेको अवस्थमा पक्राउ परेका उनीहरुलाई जिल्ला प्रहरी कार्यालय सप्तरीमा राखिएको छ । पक्राउ परेकाहरुबाट प्रति ब्यक्ती १५ हजार ५ सयका दरले जरिवाना वसुल तथा अब उप्रान्त विद्युत चोरी न गर्ने कागजात बनाएर मात्र छाडिने प्रहरीले जनाएको छ ।

## सम्पादकीय

# सरल र सुलभ तरिकाले सेवा प्रवाह गर्न बैंकहरुले ध्यान पुऱ्याओस

आफ्नो बचत सुरक्षित रहने उद्देश्यले मानिसहरु बैंकमा रकम जम्मा गर्ने गर्छन् । विश्वासिलो र भरपर्दो माध्यम बैंक रहेकोले जनताहरुले बिना हिचकिचाहट रकम जम्मा गर्ने गरेका छन् । तर, आफूले जम्मा गरेको रकम निकाल्न बैंकहरुले नियम भने कडा राखेको छ । आफ्नो बचत जम्मा गर्ने बेलामा कुनै रोकटोक हुँदैन तर, त्यही रकम झिक्न जाँदा बैंकले विभिन्न किसिमको नियम देखाउने गर्छन् । यो एउटा जटिल प्रक्रियाका कारण अहिले सेवाग्राहीले निकै समस्या भोग्नु परेको छ । अहिलेको युगमा वित्तिय संस्थाहरुले निकै फड्को मारेको छ भने बचतकर्तालाई विभिन्न योजनाहरु मार्फत लोभ्याएर आफ्नो बैंकप्रति आकर्षित गर्ने गरेका छन् ।

यस्तै कारणहरुले गर्दा ग्राहकहरुले अहिले पैसा निकाल्न एटिएम कार्डको बढी प्रयोग गरेको पाइन्छ । एटिएमबाट रकम निकाल्न बैंकले दिएको कोड प्रयोग गरेर सजिलै निकाल्न सकिन्छ । यता हाल जिल्लामा संचालन एक दर्जन भन्दा बढी बैंकहरुले ग्राहकलाई सेवा दिन सूचारु गरेको एटिएम सेवा प्राय काम नलाग्ने अवस्थामा बन्द नै रहने गरेको छ । सेवाग्रहीहरुलाई २४ औं घण्टा सेवा प्रदान गर्ने उद्देश्यका साथ बैंकहरुले एटिएम सेवा संचालन गरेपनि दिनहुँ एटिएम सेवा अवरुद्ध रहने गरेको छ ।

जिल्लामा संचालनमा रहेका राष्ट्रिय वाणिज्य बैंक, माछापुच्छ्रे, एभरेष्ट, ग्लोबल, सेन्चुरी, सनराइज बैंक लगायतले एटिएम सेवा संचालनमा ल्याएपनि अधिकांश बैंकका एटिएम सेवा हप्तौं दिनसम्म अवरुद्ध नै हुने गरेको छ । अति आवश्यक परेको समयमा सजिलै तरीकाबाट पैसा झिक्नका लागि एटिएम सेवा संचालनमा ल्याएपनि सेवाग्राहीहरुलाई समस्या परेको समयमा नै यहाँका बैंकहरुले संचालनमा ल्याएका सो सेवा अवरुद्ध हुने गरेको छ । तसर्थ सेवाग्राहीहरुलाई २४ औं घण्टा दिदै आएको एटिएम सुविधालाई सरल र सुलभ तरिकाले प्रवाह गर्न बैंकहरुले ध्यान पुऱ्याउन अति आवश्यक छ ।

# सट्टेबाजीमा करोडौंको खेल, एजेन्ट बनेर नक्कली कम्पनीका खातामार्फत कारोबार

काठमाडौं, ९ चैत (रासस) ।
नेपालमा अवैध रहेको सट्टेबाजीमा नेपाली एजेन्टहरुले नक्कली कम्पनी खडा गरी दर्जनौं खातामार्फत करोडौंको कारोबार गरेको पाइएको छ ।

छ जना नेपाली एजेन्टहरुले विश्वमा सञ्चालित विभिन्न खेल तथा अन्य गतिविधिमा सट्टेबाजी गर्न प्रयोग हुने बेटिङ एप्लिकेशनमार्फत सट्टेबाजी खेलाएर करोडौंको कारोबार गरेको खुलेको छ ।

प्रारम्भिक विवरणमा उनीहरुले विभिन्न समयमा सट्टेबाजी खेलाएर झण्डै ६० करोड कारोबार गरेको पाइएको प्रहरीले जनाएको छ ।

सट्टेबाजीमा जुम्ला घर भई भक्तपुर लोकन्थली बस्ने २३ वर्षका दिलिप सिंह कठायत, सोही ठाउँका भुपालराज न्यौपाने, नयनराज भण्डारी, सर्लाहीका वरुणकुमार सिंह, काठमाडौंका वासुदेव पाण्डे र काभ्रेपलाञ्चोकका शिवानी तामाङ एजेन्ट कै रुपमा संलग्न रहेको अनुसन्धानमा देखिएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक सोमेन्द्रसिंह राठौरले जानकारी दिनुभयो ।

सट्टेबाजी भइरहेको भन्ने सूचनाका आधारमा काठमाडौंको बानेश्वर, पेप्सीकोला र भक्तपुरको लोकन्थलीमा प्रहरीले गरेको खोज अनुसन्धानमा उनीहरु सट्टेबाजी खेलमा प्रयोग हुने 'वान-एक्स बेट' का एजेन्ट रहेको पाइएको उहाँको भनाइ छ । उनीहरुले विभिन्न सेवा प्रदायक टेलिकम कम्पनीका तीन सय ३६ भन्दा बढी सिमकार्ड प्रयोग गरेको पनि अनुसन्धानका क्रममा खुलेको छ ।

उनीहरुमध्ये दिलिपले विगत १ वर्षदेखि, भुपालराज न्यौपानेले विगत ९ वर्षदेखि, नयनराजले विगत ६ वर्षदेखि, बरुणकुमारले विगत ६ महिनादेखि, शिवानीले आफ्नै नाममा खाता खोली रोशनी गुरुङलाई उक्त खाता चलाउन दिइ विगत ८ महिनादेखि र वासुदेव पाण्डेले एक महिनादेखि वान-एक्स बेटमा सट्टाबाजी गर्ने एजेन्टका रुपमा काम थालेको अनुसन्धानमा देखिएको छ ।

उनीहरुले रकम सङ्कलन र भुक्तानी गरेका आधारमा कमिसन निर्धारण हुने भएकाले त्यसको लोभमा विभिन्न व्यक्तिलाई फसाएर उनीहरुको नाममा डिजिटल वालेटमा खाता खोलेर कारोबार गर्ने गरेको पाइएको छ ।

उनीहरुमध्ये दिलिप, भुपालराज र नयनराजको नाममा रहेको आठ वटा र आफन्तको नाममा दुई वटा नक्कली कम्पनीको नाममा दुई वटा कर्पोरेट खातासहित १२ वटा खाता सञ्चालन गरी बेटिङ कारोबार गर्ने गरेको पाइएको छ ।

तीमध्ये नौ वटा खाताको कारोबार हेर्दा हालसम्म कुल रु सात करोड ७७ लाख ८७ हजार कारोबार भएको देखिएको छ । प्रहरीका अनुसार बरुणको खातामा ८२ लाख, शिवानीको खातामा ४७ लाख कारोबार भएको पाइएको छ ।

प्रहरीको अनुसन्धानमा फेला परेको तथ्यअनुसार उनीहरुले अन्य ३५ जना व्यक्तिको नाममा डिडिटल वालेटमा खाता खोली रु ४१ करोड र अन्य १५ जना व्यक्तिको ३४ वटा खातामा १२ करोड २५ लाख कारोबार गरेको पनि फेला पारेको छ । पक्राउ परेकाहरुको खाताबाट भने रू आठ करोड ८ लाख कारोबार भएको पाइएको छ ।

उनीहरुलाई पक्राउ गरी मुलुकी अपराध संहिताको दफा १२५ को उपदफा ४ बमोजिम सट्टाबाजी गर्न नहुने कसुरअन्तर्गत जिल्ला प्रहरी परिसर भक्तपुर र काठमाडौंले अनुसन्धान थालेको छ ।

# पृथ्वीलाई सुरक्षित राख्दै भावी पुस्ताका लागि जोगाउन आह्वान

काठमाडौं, ९ चैत (रासस) ।
विश्व मौसम सङ्गठन स्थापना भएको दिन (सन् १९५० को मार्च २३)को स्मरणमा हरेक वर्ष मार्च २३ का दिन नेपाललगायत विश्वभर नै विश्व मौसम दिवस मनाइँदै आएको छ ।

यसै सन्दर्भमा जल तथा मौसम विज्ञान विभागले मौसम तथा जलवायु क्षेत्रमा कार्य गर्ने तथा सरोकार राख्नु हुने सरोकारवालालगायत सम्पूर्ण जनसमुदायमा दिवसको उपलक्ष्यमा शुभकामना व्यक्त गरेको छ ।

यस वर्षको विश्व मौसम दिवसको नारा 'पुस्तान्तरणमा मौसम, जलवायु र जलको भविष्य' रहेको छ । यस नाराले अग्रज पुस्ताले १९औं शताब्दिको अन्त्यतिर विकास गरेका टेलिग्राफ र मौसम पूर्वानुमानको उपलब्धि, मौसम विज्ञानमा आजका पुस्ताले सुपर कम्प्युटर र अन्तरिक्षा प्रविधिको विकासमा हासिल गरेका सफलता र भावी पुस्ताले हासिल गर्न सक्ने सम्भावनाको तथ्यलाई उजागर गरेको विभागले जनाएको छ ।

विश्वव्यापी भूमण्डलीय तापमानको वृद्धिले मौसम तथा जलवायु चक्रमा अस्वाभाविक परिवर्तन भइरहेका छन् । जसको फलस्वरुप, मौसम र जलवायुको विषम अवस्थामा आएको बढोत्तरीले बहु-प्रकोपमा वृद्धि भइरहेको विभागका प्रवक्ता सुमन कुमार रेग्मीद्वारा बिहीबार जारी विज्ञप्तिमा उल्लेख छ ।

मौसम तथा जलवायुको सम्भावित अवस्थाको पूर्वानुमान वा आँकलन गरी पूर्व चेतावनीको माध्यमबाट जीवनलाई सुरक्षित बनाउन गणितीय पूर्वानुमान लगायतका प्रविधिमा आएको सुधार तथा यसको उच्चतम् प्रयोग उल्लेख्य रुपमा वृद्धि भए पनि विश्वका अगाडि चुनौती अझै विद्यमान रहेको बताइएको छ ।

"विश्वमा आजका दिनसम्म भइरहेका हरितगृह ग्यास उत्सर्जन र विश्वव्यापी उष्णिकरणसम्बन्धी अध्ययन अनुसन्धानले भविष्यमासमेत मौसम, जलवायु तथा जलको अवस्था सुखद देखाएको छैन् । तथापि बिग्रदो मौसम र जलवायुको अवस्थालाई यथास्थितिमा राख्ने वा यसलाई नियन्त्रित गर्दै एउटा निश्चित सीमामा सीमित गर्ने भन्ने कुरा वर्तमान तथा भावी पुस्ताको हातमा निर्भर छ", विज्ञप्तिमा उल्लेख छ ।

मौसम, जलवायु र जलको कुनै भौगोलिक सीमा र बन्धन नहुने उल्लेख गर्दै विभागले आगामी दिनमा विश्व समुदाय एक आपसमा हातेमालो गर्दै निर्धारित गन्तव्यमा पुग्न सकिएन भने भावी पुस्ताको जीवन अझ कष्टकर र सङ्कटपूर्ण हुने भएकोले यस पृथ्वीलाई सुरक्षित वासस्थानको रुपमा भावी पुस्ताको लागि जोगाउन आह्वान गरेको छ ।

यसै तथ्यलाई आत्मसाथ गर्दै चुनौतीलाई अवसरका रुपमा बदलेर मौसम, जलवायु र जलको मापन, पूर्वानुमान तथा पूर्व-सूचना प्रणालीको विकास र विस्तारको माध्यमबाट प्रभावकारी सेवा प्रदान गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवालासँगको हातेमालोलाई विभागले उच्च प्राथमिकतामा राखेको छ ।

दिवसले आम समुदायको साथै सम्पूर्ण सरोकारवालामा भविष्यमा हुनसक्ने सम्भावित जोखिमबारे ध्यानाकर्षण गर्दै सबैमा सचेतना जगाउने अपेक्षा गरिएको छ ।

# परीक्षा केन्द्र पायक पर्ने ठाउँमा राख्न माग

काठमाडौं, ९ चैत (रासस) ।
त्रिभुवन विश्वविद्यालय (त्रिवि)का परीक्षा केन्द्र टाढा राख्ने निर्णय सच्याउन विद्यार्थी सङ्गठनले माग गरेका छन् ।

नेपाल विद्यार्थी सङ्घ (नेविसङ्घ), अनेरास्ववियु, अनेरास्ववियु (क्रान्तिकारी) र अनेरास्ववियुले बिहीबार विज्ञप्ति जारी गर्दै क्याम्पसभन्दा टाढा परीक्षा केन्द्र राख्ने निर्णय सच्याउन माग गरेका हुन् ।

नेविसङ्घका अध्यक्ष दुजाङ शेर्पा, अनेरास्ववियु (क्रान्तिकारी)का अध्यक्ष पञ्चा सिंह र नेकपा(एस) निकट अनेरास्ववियुका अध्यक्ष सुदेश पराजुलीले संयुक्तरुपमा तथा नेकपा (एमाले) निकट अनेरास्ववियुका अध्यक्ष समिक बडालले छुट्टै विज्ञप्ति जारी गरी विद्यार्थीलाई पायकपर्ने स्थानमा परीक्षा केन्द्र तोक्न माग गर्नुभएको छ ।

"भर्खरै सम्पन्न स्ववियुको निर्वाचनमा विद्यार्थी सहभागी भएको अवस्थामा विद्यार्थीलाई अनावश्यक तनाव र दुःख दिने मनसायका साथ विद्यार्थीले अध्ययनरत क्याम्पसभन्दा धेरै टाढा परीक्षा केन्द्र राख्ने निर्णय तत्काल सच्याउन परीक्षा नियन्त्रण कार्यालयसमक्ष माग गर्दछौं", तीन विद्यार्थी सङ्गठनले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

यस्तै अनेरास्ववियुका अध्यक्ष बडालले पनि विद्यार्थीलाई दुःख दिने अभिप्रायले परीक्षा केन्द्र धेरै टाढा राखिएकाले पायक पर्ने क्याम्पसमा परीक्षा केन्द्र राख्न माग गर्नुभएको छ । परीक्षा नियन्त्रण कार्यालयले यही चैत १२ गतेदेखि हुने स्नातक तह चौथो वर्षको परीक्षाको परीक्षा केन्द्र एउटा जिल्लाको क्याम्पसको परीक्षा अर्को जिल्लामा राखेको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# सामाजिक सुरक्षा कोषमा चार लाख श्रमिक समेटिए

काठमाडौँ, ९ चैत (रासस) ।

सामाजिक सुरक्षा कोषमा सूचीकृत हुने योगदानकर्ताको सङ्ख्या चार लाख नाघेको छ । सामाजिक सुरक्षा योजना शुभारम्भ भएको चार वर्षमा चार लाख ३० श्रमिक कोषमा सूचीकृत भएका छन् ।

कोषले २०७५ मङ्सिर ११ गते सामाजिक सुरक्षा योजनाको घोषणा गरेको थियो । कोषमा आबद्ध हुनेमा सबैभन्दा बढी बागमती प्रदेशबाट तीन लाख सात हजार सात सय १८ श्रमिक सूचीकृत भएका छन् । कोशी प्रदेशबाट ३८ हजार नौ सय ५७, मधेस प्रदेशबाट २१ हजार दुई सय ५८, गण्डकी प्रदेशबाट १५ हजार दुई सय ४१, लुम्बिनी प्रदेशबाट १४ हजार ९९, सुदूरपश्चिम प्रदेशबाट एक हजार पाँच सय २९ र कर्णाली प्रदेशबाट एक हजार दुई सय २८ श्रमिक सूचीकृत भएका छन् ।

कोषले आगामी असार मसान्तसम्म पाँच लाख श्रमिकलाई सूचीकृत गराउने लक्ष्य लिएको छ । कोषमा १७ हजार सात सय ३९ रोजगारदाता आबद्ध भएका छन् । कोषले हालसम्म रु ३० अर्ब ११ करोड योगदान सङ्कलन गरेको छ । कोषले विभिन्न योजनाबापत योगदानकर्तालाई रु तीन अर्ब ८३ करोड दाबी भुक्तानी गरेको छ ।

पछिल्लो समय कोषले सामाजिक सुरक्षाको दायरा विस्तार गर्दै लगेको छ । वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई समेत कोषमा आबद्ध गर्दै योगदानमा आधारित सामाजिक सुरक्षाको दायरा विस्तार गर्ने क्रममा उक्त कार्य शुभारम्भ गर्न लागिएको कोषले जनाएको छ ।

औपचारिक क्षेत्रका श्रमिकलाई योजनामा आबद्ध गराउँदै आएको कोषले बुधबारदेखि वैदेशिक रोजगारीमा रहेका र विदेशमा स्वरोजगारमा रहेका श्रमिकलाई पनि कोषमा सूचीकृत गराउन थालेको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले बुधबार आयोजित एक कार्यक्रमबीच वैदेशिक क्षेत्रमा रहेका श्रमिकलाई कोषमा सूचीकृत गराउने कार्यको थालनी गर्नुभएको थियो ।

वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई सूचीकृत गराउन सुरु भएसँगै विदेशमा रोजगारी र स्वरोजगारमा रहेका लाखौँ श्रमिक योजनामा समावेश हुने अनुमान गरिएको छ । गैरआवासीय नेपाली सङ्घ (एनआरएन)ले लामो समयदेखि वैदेशिक रोजगारीमा रहेको श्रमिकलाई सामाजिक सुरक्षा योजनामा समेट्न सरकारसँग आग्रह गर्दै आएको थियो ।

कोषले नियमितरुपमा योगदान गर्ने योगदानकर्तालाई औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना, दुर्घटना तथा अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र वृद्धावस्था सुरक्षा योजना गरी विभिन्न योजना सञ्चालन गरिरहेको छ ।

# को बन्दैछ आइजिपी ?

काठमाडौँ, ९ चैत (रासस) ।

नेपाल सरकारको निर्णयानुसार प्रहरी नायब महानिरीक्षक (डिआइजी)बाट प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) पदमा पदोन्नति भई बुधबार दर्ज्यानी चिन्ह प्राप्त गरेको तीन दिनमै पाँचमध्ये एक जना प्रहरीको सर्वोच्च पद (प्रहरी महानिरीक्षक) बन्नुहुनेछ ।

नेपाल सरकार मन्त्रिपरिषद्को सोमबारको निर्णयले प्रहरी नायब महानिरीक्षकबाट वसन्तबहादुर कुँवर, टेकप्रसाद राई, दीपक थापा, श्यामलाल ज्ञवाली र किरण बज्राचार्य एआइजीमा पदोन्नति हुनुभएको थियो ।

हालका प्रहरी महानिरीक्षक धीरजप्रताप सिंह यही चैत १० गते राति १२ बजेदेखि ३० वर्षे प्रहरी सेवाको उमेरहदका कारण अनिवार्य अवकाशमा जाँदै हुनुहुन्छ । त्यसपछि रिक्त हुने आइजिपी पदमा हाल पदोन्नति हुनुभएका एआइजीबाटै बढुवा गर्नुपर्ने भएकाले अबको दुई दिनपछि नै पाँच एआइजीमध्ये एक जनाले महानिरीक्षकको फुली लगाउन पाउने महत्वपूर्ण अवसर प्राप्त गर्दै हुनुहुन्छ ।

काम गर्नसक्ने सक्षम, सङ्गठनलाई कमाण्ड गर्नसक्ने, नेतृत्व दिनसक्ने लगायतलाई आधार मानेर नेपाल सरकारले आइजीपी बनाउनसक्ने विद्यमान अवस्था रहेको पूर्वप्रहरी अधिकारी बताउँछन् ।

“मापदण्ड हेर्दा व्याख्याअनुसार जसलाई बनाए पनि हुने जस्तो देखिन्छ”, पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक पुष्कर कार्कीले भन्नुभयो, “सरकारले राम्रै र सक्षम व्यक्तिलाई ल्याउँछ, यो नियमित प्रक्रिया हो जस्तो लाग्छ मलाई ।” पछिल्लो समयमा गृहमन्त्रालयले सरुवा बढुवामा मापदण्ड नै बनाएर लागू गरेको छ ।

सरकारले उपयुक्त व्यक्ति हो भन्ने व्याख्याका आधारमा गरेर पाँचमध्ये एकलाई आइजीपी बनाउनसक्ने देखिएको प्रहरी अधिकृतहरु बताउँछन् । सरकारले सिंहलाई गएको वैशाख १८ गते महानिरीक्षक पदमा पदोन्नति गरेको थियो ।

प्रहरी नियमावली २०७१ को दफा ४१ मा ज्येष्ठता, कार्यकुशलता, कार्यक्षमता, उत्तरदायित्व बहन गर्न सक्ने, नेतृत्व दिनसक्ने र आफू मुनिकालाई प्रोत्साहन गर्नसक्ने व्यक्तिलाई आइजीपी बनाउनसक्ने उल्लेख छ ।

यही चैत १० मा प्रहरी महानिरीक्षक (आइजीपी) धीरजप्रताप सिंह अवकाश हुँदा उहाँसँगै तीन एआइजी पनि अनिवार्य अवकासमा जाँदै हुनुहुन्छ । सिंहकै ब्याची एआइजी सहकुलबहादुर थापा, उत्तमराज सुवेदी र दिवेश लोहनी अवकाशमा जानुहुनेछ ।

हाल बढुवा भएका एआइजीमध्ये एक जना महानिरीक्षकमा पदोन्नति भएपछि १० गते रातिपछि त्यो पदसहित गरेर चार एआइजीको पद पुनःरिक्त हुन्छ ।

हालका महानिरीक्षक सिंहको अवकाशपछि रिक्त हुने चार एआइजीमा डिआइजी सन्दीप भण्डारी, सुदीप गिरी, टेक तामाङ, उमेशराज जोशी, मीरा चौधरी, रामदत्त जोशी, भीमप्रसाद ढकाल, दुर्गा सिंह, पोषराज पोखरेल र किरण राणाबीच प्रतिस्पर्धा हुने केन्द्रीय प्रवक्तासमेत रहनुभएका प्रहरी नायब महानिरीक्षक पोषराज पोखरेलले जानकारी दिनुभयो ।

चैत ११ पछि बढुवा हुने महानिरीक्षकको कार्यावधि संशोधनका लागि प्रक्रियामा रहेको ३० वर्षे उमेर हद नहटाइएको खण्डमा विसं २०८१ चैतसम्मको रहनेछ ।

यसअघि महानिरीक्षकको बढुवामा राजनीतिक हस्तक्षेप भएको भनेर चर्को आलोचनासमेत हुने गरेको थियो । पूर्वप्रहरी अधिकारी भने अब त्यसबाट मुक्त हुन जरुरी रहेको बताउनुहुन्छ । गृहमन्त्रालय स्रोतका अनुसार आउँदो मन्त्रिपरिषद्को बैठकले सोमबार पदोन्नति हुनुभएका एआइजीमध्येबाट एक जनालाई प्रहरी महानिरीक्षकमा पदोन्नतिको निर्णय गर्नेछ ।

एआइजीमा पदोन्नति हुनुभएका किरण बज्राचार्य प्रहरी इतिहासमै पहिलो पटक प्रहरीको सर्वोच्च (महानिरीक्षक) पदको प्रतिस्पर्धी बन्ने महिला हुनुहुन्छ । यसअघि अतिरिक्त महानिरीक्षकमा पुगे पनि पूजा सिंह भने महानिरीक्षकको प्रतिस्पर्धामा सामेल हुन पाउनुभएको थिएन ।

बज्राचार्यसँगै डिआइजीमा बढुवा हुनुभएका मीरा चौधरी, दुर्गा सिंह र किरण राणा एआइजी बढुवामा नै पछि पर्नुभएकाले उहाँ महानिरीक्षकको प्रतिस्पर्धामा एक्लो महिलाका रुपमा प्रतिस्पर्धी हुने अवसर प्राप्त गर्नुभएको हो ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँपालिका, सप्तरी**


## विश्व समाचार

# मानहानीको अभियोगमा राहुल गान्धीलाई दुई वर्ष जेल

नयाँदिल्ली, ९ चैत (रासस पिटिआई) ।

भारतीय काङ्ग्रेसका नेता राहुल गान्धीलाई गुजरातको एक अदालतले मानहानी मुद्दामा दोषी ठहर गर्दै दुई वर्षको जेल सजाय सुनाएको छ । विपक्षी दलका नेता गान्धीले प्रधानमन्त्री नरेन्द्र मोदीको थरका बारेमा गरेको टिप्पणीले समस्त मोदी थर भएकाको मानहानी भएको ठहर गर्दै सुरतस्थित अदालतले बिहीबार उक्त आदेश गरेको हो । गान्धीले तत्काल जेल जानु पर्दैक किनकी उहाँलाई उक्त फैसलाविरुद्ध अपिल गर्ने ३० दिनको म्याद दिइएको छ । सन् २०१९ मा कर्नाटक राज्यको कोलारमा आयोजित चुनावी सभामा नेता गान्धीले ‘चोर मोदीहरू’ भन्नुभएको थियो । उहाँले भगौडा व्यापारी नीरब मोदी र ललित मोदीलाई लक्ष्य गर्दै त्यसो भन्नुभएको थियो । नेता गान्धीको उक्त अभिव्यक्तिले मोदी थर भएका सबैको मानहानी भएको जिकिर गर्दै भारतीय जनता पार्टी (भाजपा)का विधायक एवम् गुजरात राज्यका पूर्वमन्त्री पूर्णेश मोदीले उहाँविरुद्ध मुद्दा दायर गर्नुभएको थियो । अदालतको फैसला सुन्न नेता गान्धी सुरत अदालत पुग्नुभएको थियो । “मेरो धर्म सत्य र अहिंसामा आधारित छ । मेरो भगवान् सत्य हो, अहिंसा यसलाई प्राप्त गर्ने माध्यम हो,” अदालतको आदेशपछि सामाजिक सञ्जालमा महात्मा गान्धीलाई उद्धृत गर्दै राहुल गान्धीले हिन्दीमा लेख्नुभएको छ । फैसला सन्न बुधबार सुरत पुग्नुभएका नेता गान्धीलाई पार्टीका शीर्ष नेता तथा कार्यकर्ताले स्वागत गरेका थिए । पार्टीका समर्थकले सुरतका विभिन्न क्षेत्रमा गान्धीका पक्षमा प्रदर्शन गरेका छन् । प्रदर्शनकारीले ‘भाजपाको तानाशाही अगाडि काङ्ग्रेस नझुक्ने’ ‘राहुल गान्धी हिन्दुस्तानको सिंह हुनुहुन्छ’ लेखिएका बोकेका ‘प्लेकार्ड’ बोकेका थिए । अदालतको फैसला सार्वजनिक हुने वित्तिकै दिल्लीका मुख्यमन्त्री एवम् आम आद्मी पार्टीका प्रमुख अरविन्द केजरीवालले नेता गान्धीको समर्थन गर्दै न्यायालयको निर्णयप्रति असहमति जनाउनुभएको छ । “गैर भाजपा नेता तथा पार्टीलाई मुद्दा लगाएर हटाउने षडयन्त्र रचिएको छ । काङ्ग्रेससँग हाम्रा मतभेद छ, तर राहुल गान्धीलाई मानहानीको मुद्दामा फसाउनु ठीक होइन । हामी अदालतको समर्थन गर्छौं तर यो निर्णयमा हामी असहमत छौँ,” जनता र विपक्षी दलले प्रश्न गर्न पाउनुपर्ने तर्क गर्दै मुख्यमन्त्री केजरीवालले सामाजिक सञ्जाल ट्विटरमा लेख्नुभएको छ ।

# दक्षिण चीन सागरबाट युद्धपोत हटाउन अमेरिकालाई चीनको चेतावनी

बेइजिङ, ९ चैत (रासस एएफपी) ।

चीनले अमेरिकालाई दक्षिण चीन सागरबाट सेना फर्काउन अमेरिकालाई चेतावनी दिएको छ । चिनियाँ जनमुक्ति सेनाले अमेरिकी युद्धपोतलाई दक्षिण चीन सागर छाड्न बिहीबार चेतावनी दिएको हो । जनमुक्ति सेनाले आफ्नो जलक्षेत्रमा अमेरिकी युद्धपोतलाई फेला पारेको जनाउँदै तत्काल फर्कन चेतावनी दिएको बेइजिङले बताएको छ । चीनले दक्षिण चीन सागरमा आफ्नो अधिकार दाबी गर्दै आएको छ । यद्यपि चीनको उक्त दाबीमा कुनै कानुनी आधार नभएको निर्णय अन्तरराष्ट्रिय अदालतले गरेको छ । फिलिपिन्स, भियतनाम, मलेसिया र ब्रुनाइले पनि दक्षिण सागरको पानीमा आफ्नो दाबी गरेका छन्भने अमेरिकाले अन्तरराष्ट्रिय जलक्षेत्रमा जहाज चलाउन पाउनुपर्ने सबैको नैसर्गिक अधिकार भएको बताउँदै आएको छ । चीन सरकारको अनुमति बिना चिनियाँ जलक्षेत्रमा गैरकानुनी रुपमा अमेरिकी युद्धपोत प्रवेश गरेर यस क्षेत्रको शान्ति र स्थायित्वमा खलल पुगेको जनमुक्ति सेनाले बताएको छ । यस सम्बन्धमा अमेरिकाले कुनै प्रतिक्रिया दिएको छैन ।

# ताइपेइले होन्डुरसका लागि आफ्ना राजदूत फिर्ता बोलायो

ताइपेइ, ९ चैत (रासस एएफपी) ।

ताइवानले होन्डुरसका लागि आफ्ना राजदूतलाई फिर्ता बोलाएको छ । होन्डुरसका विदेशमन्त्रीको चीन भ्रमणको विरोधमा ताइपेइले आफ्ना राजदूतलाई टेगुसिगाल्पाबाट बिहीबार फिर्ता बोलाएको हो । ताइवानसँगको आठ दशकभन्दा लामो कूटनीतिक एवम् मैत्रीपूर्ण सम्बन्धलाई बेवास्ता गर्दै टेगुसिगाल्पाले आफ्ना विदेशमन्त्रीलाई चीन भ्रमणमा पठाएर ताइवानी जनता र सरकारको भावनामा चोट पुऱ्याएकाले त्यसको विरोधस्वरुप आफ्ना राजदूतलाई तत्काल स्वदेश फर्कने आदेश दिइएको ताइवानी विदेश मन्त्रालयले जनाएको छ । “होन्डुरसको पछिल्लो कदमप्रति कडा असन्तुष्टि व्यक्त गर्न हामीले होन्डुरसमा रहेका हाम्रा राजदूतलाई तत्काल स्वदेश फिर्ता बोलाउने निर्णय गरेका छौँ, ”ताइवानी विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ । होन्डुरसका विदेशमन्त्री एडुआर्डो एनरिके रेना बेइजिङसँग कूटनीतिक सम्बन्ध स्थापना गर्ने विषयमा वार्ता गर्न चीनतर्फ प्रस्थान गर्नुअघि ताइवानले राजदूत फिर्ता बोलाउने निर्णय गरेको सरकारी अधिकारीहरूले बताएका छन् । यसअघि विदेशमन्त्री रेनाले देशको बढ्दो आर्थिक समस्याका कारण चीनसँग कूटनीतिक सम्बन्ध स्थापना गर्नुपर्ने बाध्यात्मक परिस्थिति उत्पन्न भएको बताउनुभएको थियो । ताइवानले वार्षिक रूपमा प्रदान गर्दै आएको पाँच करोड डलर अनुदानलाई एक वर्ष १० करोड गर्न तथा तिर्न बाँकी रहेको ६० करोड डलर सहुलियत ऋण पुनःसंरचनाका निम्ति गरेको आग्रहप्रति सकारात्मक जवाफ नदिएको उहाँले उल्लेख गर्नुभएको थियो । होन्डुरसका जनताको आवश्यकतालाई ध्यानमा राख्दै थप महत्वपूर्ण सम्बन्ध प्रस्ताव गरिएको तर ताइवानले त्यसलाई अस्वीकार गरेको उहाँको कथन थियो । मध्यअमेरिकी राष्ट्र होन्डुरस यो क्षेत्रको सबैभन्दा निर्धन मुलुक हो । एक करोड जनसङ्ख्या भएको होन्डुरसमका करिब ७४ लाख जनता गरिबीको चपेटाबाट मुक्त हुन सकेका छैनन् । होन्डुरसको चीनसँग कूटनीतिक सम्बन्ध स्थापना गर्ने निर्णय सार्वजनिक हुनेवित्तिकै बेइजिङले त्यसको स्वागत गरेको थियो । गत बुधबार बेइजिङमा भएको नियमित पत्रकार सम्मेलनमा विदेश मन्त्रालयका प्रवक्ता वाङ बिनले एक चीन सिद्धान्तका आधारमा होन्डुरससहित विश्वका अन्य देशहरूसँग मैत्री एवम् सहयोगात्मक सम्बन्ध विकास गर्न बेइजिङ सधैं इच्छुक रहेको बताएका थिए । राष्ट्रपति जिओमारा क्यास्ट्रोले विदेशमन्त्री रेनालाई जनवादी गणतन्त्र चीनसँग आधिकारिक सम्बन्ध स्थापना गर्न निर्देशन दिनुभएको थियो ।

# माछा बिक्रि गरेर राजश्व नबुझाएको भन्दै अदालतमा गापा अध्यक्ष बिरुद्ध निवेदन दर्ता

**दैनिक समाचारदाता**
**राजविराज, ९ चैत ।**

सप्तरीको महादेवा गाउँपालिकाका अध्यक्ष र कार्यकारी अधिकृतसहित चार जना बिरुद्ध उच्च अदालत जनकपुर, राजविराज इजलासमा परमादेश आदेश जारी गर्न रिट निवेदन दर्ता भएको छ ।

गाउँपालिका अध्यक्ष सुनिल कुमार मण्डल, प्रमुख प्रशासकिय अधिकृत केशव कुमार झा, वडा नं. १ का अध्यक्ष जयश्वर किशोर दास र वडा नं. १ का राजदेव मोची राममाथी परमादेश आदेश जारी गर्न रिट निवेदन दर्ता भएको हो ।

महादेवा १ का ललन कुमार गोइत र किरपाली महतोद्वारा दर्ता गरिएको निवेदनमा "साविक पकरी गाविस वडा नं. ७कस (क) कित्ता नं. १४८ क्षेत्रफल १९ कठ्ठा ७ धुर रहेको पोखरीमा माछा पालन गर्न भुरा हालिएको थियो । सो पोखरीबाट गत चैत १ गते बुधवारका दिन निजहरुले पोखरीबाट रेहु, सिल्भर, बिगेट, नैनीसमेत गरी ४ क्विन्टल माछ ८० हजार मुल्य बजार मुल्यको मारेर लगेको उल्लेख छ ।

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ९७ र सोहीको दफा १६ ले दिएको अधिकार काम र कर्तब्य निजहरुले पुरा गर्ने गरी पोखरीको माछाको बिक्री मुल्य राजश्वमा बाँधी संचित कोष बैंकमा जम्मा गर्न परमादेश आदेश जारीका लागी दर्ता गरिएको निवेदनमा उल्लेख छ ।

सो सम्बन्धमा गाउँपालिका अध्यक्ष मण्डलले यस सम्बन्धित आफुलाई कुनै किसिमको जानकारी नभएको प्रतिक्रिया दिए । त्यस्तै प्रमुख प्रशासकिय अधिकृत झाले पनि यस सम्बन्धित आफुलाई कुनै जानकारी अहिले नभएको बताए ।

यता वडाध्यक्ष दासले पोखरीको माछा मारेको स्वीकार्दै आईतवार १२ गते राजश्वमा दाखिला गर्ने जानकारी दिएका छन् । निवेदन सम्बन्धमा चैत १० गते शुक्रवार पेशी हुने अदालतले जनाएको छ ।

# तिलाठी कोइलाडीको विशेष गाउँ सभा सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, ९ चैत ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाको बिहीबार सम्पन्न विशेष गाउँ सभाले गाउँपालिका भित्रका सम्पूर्ण पोखरीहरुको लगत संकलन गर्ने निर्णय गरेको छ ।

गाउँपालिकाका अध्यक्ष अरुणकुमार मण्डलको अध्यक्षतामा आयोजित विशेष सभामा वडा अध्यक्षहरु दिनेश्वर मिश्र, कमलकुमार मण्डल, रमेश कुमार मुखिया, मुनिलाल मुखिया, ललनप्रसाद राउत र सत्यनारायण यादव, सदस्यहरु चन्दनकुमार झा, अमोद झा, रिता साहसहितकाले मन्तब्य ब्यक्त गरेका थिए ।

गाउँपालिकाका उपाध्यक्ष फुलकुमारी साहले स्वागत गर्दै विशेष गाउँ सभामा प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र कुमार यादवले प्रस्तावहरु प्रस्तुत गरेका थिए ।

गाउँपालिकाका विपद् ब्यवस्थापन अधिकृत राजेश कुमार झाद्वारा सञ्चालित कार्यक्रममा योजना, बजेट लगायतको बिषयमा विभिन्न निर्णय भएको जनाइएको छ ।

# सवारी दुर्घटनामा दुई जना घाइते

**दैनिक समाचारदाता**
**राजविराज, ९ चैत ।**

सप्तरीको दुई छुट्टाछुट्टै स्थानमा भएको सवारी दुर्घटनामा दुई जना घाइते भएका छन् ।

राजबिराज नगरपालिका ९ स्थित राजबिराज रुपनी सडक खण्डमा बुधबार राजबिराजबाट रुपनीतर्फ जादै गरको अनटेष्ट मोटरसाइकल आफै अनियन्त्रित भएर दुर्घटना हुँदा चालक घाइते भएका छन् ।

घाइते हुनेमा जिल्लाको विष्णुपुर गाउँपालिका ६ रंजितपुर निवासी २४ वर्षिय कमलेश यादव रहेका छन् । मादक पदार्थ सेवन गरि मोटरसाइकल दुर्घटना हुँदा उनको अनुहार र दाहिने हातमा चोट लागेकोल गजेन्द्र बारायण सिंह अस्पताल राजबिराजमा उपचार भईरहेको प्रहरीले जनाएको छ ।

यस्तै बुधबारै जिल्लाको सुरुङ्गा नगरपालिका ३ भुजेल टोलस्थित भित्री सडक खण्डमा कदमाहाबाट गाईघाट तर्फ जादै गरेको प्र.०१-०५-००१प.३४४९ नं.को माटरसाइकलले साइकल यात्रीलाई ठक्कर दिएको छ ।

सो ठक्करबाट साईकल यात्री स्थानिय स्थानिय ५० वर्षिय रामबहादुर भुजेलको दाहिने हात र दाहिने गालामा चोट लाग्दा नर्सिङ्होम अस्पताल लहानमा उपचार भइरहेको तथा मोटरसाइकल र चालकलाई प्रहरीले नियन्त्रनमा लिई घटना बारे थप अनुसन्धान गरिरहेको जनाएको छ ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**

**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

**सचेत नागरिकको पुण्य काम, मृत्युपछि अंगदान ।**
- मानिस जीवित हुँदा आफैंले र मृत्युपछि आफन्तले अंगदान गर्न सक्छन् ।
- मृत शरिरको दुईवटा मृगौला, दुईवटा फोक्सो, मुटु, कलेजो, प्याङ्क्रियाज र सानो आन्द्रासमेतको अंगदान गरी आठ जनासम्मको ज्यान बचाउन सकिन्छ ।
- मस्तिष्क मृत्यु (Brain Death) भएका व्यक्तिको पनि अंग लिन मिल्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit
हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*